नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
भैरहवा, रुपन्देही

फोन: ०७१-५७०५१७
०७१-५७०२०१
०७१-५८७००६
Email: pmamp.piu.rupandehi@gmail.com
Website: piurupandehi.pmamp.gov.np

पत्र संख्या :-
चलानी नं. :- २९

## जोन/सुपरजोन संचालन समन्वय समिति गठन सम्बन्धी सुचना

सुचना नं: ०७/२०८१/८२

प्रमाशित मिति: २०८१।०५।०४

यस परियोजना कार्यान्वयन एकाई अन्तर्गत, रुपन्देही जिल्लामा संचालित गहुँ जोन अन्तर्गत गहुँ जोन संचालन समन्वय समिति र मत्स्य सुपरजोन अन्तर्गत सुपरजोन संचालन समन्वय समिति गठन सम्बन्धमा परियोजना कार्यान्वयन म्यानुअलको दफा ४.३.१२ (क) र मिति २०८१।०४।०३ गतेको परियोजना कार्यान्वयन एकाईको सुचना बमोजीम जोन/सुपरजोन संचालन समन्वय समिति पुनर्गठन गर्नुपर्ने भएकोले उक्त प्रकृयामा सहभागी हुन ईच्छुक कृषक समुह/सहकारी/फर्म/कम्पनी/समिति आदीले मिति २०८१।०४।३१ गते सुचिकृत तथा नविकरणको लागि प्रकाशित गरेको सुचना अनुसार मिति २०८१।०५।३१ भित्र तपसिल अनुसारको प्रकृया समेत पुरा गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

१. जोन संचालन समन्वय समिति गठन प्रक्रियामा सहभागी हुन चालु आ.व. ०८१।०८२ को लागि मिति २०८१।०५।३१ गते भित्र परियोजना कार्यान्वयन एकाईमा सुचीकृत/नविकरण भएका गहुँ जोन तथा माछा सुपरजोन क्षेत्रभित्रका कृषक समुह/सहकारी/फर्म/कम्पनी/समिति आदी संस्थाहरु हुनुपर्नेछ।
२. गहुँ जोन तर्फ संचालन समन्वय समिति गठनको लागि दुई जना सदस्य (कम्तिमा एक जना महिला अनिवार्य हुने गरी) प्रतिनिधी छनौट गरेर बैठकको निर्णय र छनौट भएको सदस्यको नागरिकताको प्रतिलिपी मिति २०८१।०५।३१ गते सोमबार कार्यालय समय भित्र सम्बन्धित संस्थाले फिल्ड एकाइ कोटहीमाई-५, मझगावाँमा पेश गर्नुपर्नेछ। म्याद नाघी आएका कागजातहरु मान्य हुने छैन।
३. माछा सुपरजोन तर्फ संचालन समन्वय समिति गठनको लागि नीजि फर्मको हकमा माछा फार्म संचालक स्वयं वा नीजले तोकेको माछा पालनमा संलग्न एकाघरको सदस्य एक जना तथा समूह/सहकारीको हकमा कम्तिमा एकजना महिला अनिवार्य हुने गरी संस्थाको सदस्य रहेको दुई जना प्रतिनिधिहरु छनोट गरी छनोट भएको सदस्यको नागरिकताको प्रतिलिपि सहित २०८१/०५/३१ गते माछा सुपरजोन फिल्ड एकाइ, वनघुसरी तथा परियोजना कार्यान्वयन एकाइ, भैरहवा, रुपन्देहीमा पेश गर्नुपर्नेछ।

नोटः थप जानकारीको लागि परियोजनाको **Website: piurupandehi.pmamp.gov.np** फोन नं. ०७१५७०२०१, ०७१५७०९१७, ९८५७०१६९१७, ९८५७०१७३८१, ९८५७०११२४०, ९८५७०१०८६३, ९७४२४१६४२८, ९८६५६४३५९८, मा सम्पर्क राख्नु हुन अनुरोध छ।

(हस्ताक्षर)
नारायण कापडी
वरिष्ठ कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण"